## मिति २०७९/०४/२४ गतेको गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरुः बैठक नं. ०१/२०७९/०८०

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | पेश गर्ने विषयगत समिति/शाखा |
|---|---|---|---|
| १. | भूमिहिन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन सम्बन्धमा । | भूमिहीन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी पहिचान, लगत संकलन, प्रमाणिकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न यस गाउँपालिकामा तोकिए बमोजिमको गाउँपालिका स्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्ने । | |
| २. | वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन सम्बन्धमा । | भूमिहीन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको स्थलगत रुपमा तथ्याङ्क संकलन तथा नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुर्याउन देहाय बमोजिमको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्ने । | |
| ३. | "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी संकलन सेवा केन्द्र" फोकल पर्सन तोक्ने सम्बन्धमा । | "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी संकलन सेवा केन्द्र" फोकल पर्सन तोकी कामकारवाही अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने । | |

## मिति २०७९/०४/२४ गतेको गाउँ कार्यपालिकाको पहिलो बैठकबाट भएका निर्णयहरुः

१. यस भगवतीमाई गाउँपालिका भूमिहीन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी पहिचान, लगत संकलन, प्रमाणिकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न यस गाउँपालिकामा देहाय बमोजिमको गाउँपालिका स्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | नामथर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | श्री गणेशबहादुर थापा | अध्यक्ष भगवतीमाई गाउँपालिका | -संयोजक |
| २. | श्री मिनाकुमारी खड्का | उपाध्यक्ष भगवतीमाई गाउँपालिका | -उप संयोजक |
| ३. | श्री | नेकपा एमाले भगवतीमाई गाउँपालिका | -सदस्य |
| ४. | श्री | नेपाली कांग्रेस भगवतीमाई गाउँपालिका | -सदस्य |
| ५. | श्री | नेकपा (माओवादी केन्द्र) भगवतीमाई गाउँपालिका | -सदस्य |
| ६. | श्री | नेकपा (एकीकृत समाजवादी) भगवतीमाई गाउँपालिका | -सदस्य |
| ७. | श्री रञ्जनाकुमारी भण्डारी | कार्यपालिका सदस्य | -सदस्य |
| ८. | श्री रेशम वादी | कार्यपालिका सदस्य | -सदस्य |
| ९. | श्री | समितिबाट मनोनित एक जना महिला एक जना दलित सहित ३ जना सदस्य | -सदस्य |
| १०. | श्री प्रमुख प्रशासकीय अधिकृत | भगवतीमाई गाउँपालिका | -सदस्य सचिव |

२. यस भगवतीमाई गाउँपालिका भूमिहीन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको स्थलगत रुपमा तथ्याङ्क संकलन तथा नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुर्याउन देहाय बमोजिमको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्ने गरी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्न वडा समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | नामथर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | श्री वडा अध्यक्ष | सम्बन्धित वडा भगवतीमाई गाउँपालिका | -अध्यक्ष |
| २. | श्री वडा सदस्यहरु | सम्बन्धित वडा भगवतीमाई गाउँपालिका | -सदस्य |
| ३. | श्री | सम्बन्धित वडामा क्रियाशिल राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दल | -सदस्य |
| ४. | श्री | समितिबाट मनोनित एक जना महिला र एक जना दलित सहित ३ जना सदस्य | -सदस्य |
| ५. | श्री वडा सचिव | भगवतीमाई गाउँपालिका सम्बन्धित वडा | -सदस्य सचिव |

३. "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी संकलन सेवा केन्द्र" को लागि केन्द्र प्रमुख र कर्मचारी तोकी कामकारवाही अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

४. चालु आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस गाउँ कार्यपालिकाको कार्यालयको लागि रोजगार सेवा केन्द्रमा रहने रोजगार सहायक छनौट तथा पदपूर्तिको लागि सिफारिस गर्नको लागि स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ बमोजिम गठित पदपूर्ति समितिको लागि विषय विज्ञको रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत लेखा अधिकृत श्री पुर्णबहादुर बुढालाई तोक्ने निर्णय गरियो ।